नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : २५/२०७५-७६** **मितिः २०७५/१२/०४**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१.१ को खण्ड (ग) को (४) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

(४)नेपाल सरकार अन्तर्गतका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरुले आयात गर्ने सामान बाहेक अन्य आयातकर्ताहरुले तेस्रो मुलुकबाट भारतको कोलकात्ता/हल्दिया बन्दरगाह हुँदै ट्रक मार्फत आयात गरिने बस्तुहरु निम्न भन्सार नाकाहरुबाट नेपाल भित्र्याउनु पर्नेछ । (क) मेची भन्सार (ख) विराटनगर भन्सार (ग) बीरगञ्ज भन्सार (घ) भैरहवा भन्सार (ङ) नेपालगञ्ज भन्सार (च) धनगढी भन्सार (छ) बीरगञ्ज सुख्खा बन्दरगाह भन्सार ।

तर,कोलकाता वन्दरगाह भएर तेस्रो मुलुकबाट आउने र रेलमार्फत ढुवानी हुने Cosignment हरु Transipment Modality मा Electronic Cargo Tracking System (ECTS) लगाई ढुवानी गर्न आयातकर्ताहरुले कोलकाता बन्दरगाहमा कुनै कागजातहरु पेश गर्नु नपर्ने व्यवस्था नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत भएको हुँदा वाणिज्य बैंकहरुले L/C खोल्दा, Draft/TT पठाउँदा तथा DAP/DAA मार्फत सामान आयात गर्दा रेल मार्फत आउने Cosignments को गन्तव्य विन्दु बीरगञ्ज वा विराटनगर हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

२. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१.१ को खण्ड (क) अन्तर्गत (ए) र ऐ) बुँदाहरु देहायबमोजिम संशोधन तथा थप गरिएको छ ।**

(ए) आयातकर्ता तथा निर्यातकर्ताको नाम, ठेगाना, इमेल र टेलिफोन

(ऐ) आयातकर्ताको Exim Code

भवदीय,

(सरिता भट्ट (अधिकारी))
का.मु.कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श